# Nurturing Excellence in Higher Education Program(NEHEP)

A PROGRAMME REPORT ON

**PEER LEARNING WITH TRIYUGA JANATA MULTIPLE CAMPUS**

UDAYPUR, GAIGHAT

**Submitted to**

## UNIVERSITY GRANT COMISSION (UGC)

SANOTHIMI ,BHAKTAPUR

**Suubmited by**

Shahid Adarsh campus

Okhaldhungaa

Molung rural municipality-2 Rampur

2082/1/27

## १.पृष्टभुमि

ओखलढुंगा जिल्लाको सदरमुकाम ओखलढुंगा देखि करिब १६ किलोमीटर पश्चिम हाल मोलुङ गाउपालिका वडा नं.२ रामपुर(साबिक बरुणेश्वर ३ ) रामपुरमा संचालित यस शहिद आदर्श क्याम्पस रामपुर ,बि.स.२०५९ मा त्रिभुवन विश्वबिद्यालय बाट सम्बन्धन प्राप्त गरि संचालित सामुदायिक क्याम्पस हो |देशमा प्रजातन्त्र प्राप्तिका लागि आफ्नो ज्यान उत्सर्ग गर्ने महान शहिदहरुको सम्झना गर्दै २०५० सालमा स्थापना भएको शहिद उच्च मा.बि.लाइ बरुणेश्वर उच्च मा .बि.नामाकरण गरी यस क्याम्पसको नाम तिनै शहिद हरुको सम्झना स्वरूप शहिद आदर्श क्याम्पस राखिएको हो | त्रिभुवन विश्व बिद्यालय बाट सम्बन्धन प्राप्त गरि जिल्लाभित्र नै गुणस्तरीय शिक्षा प्रदान गर्ने मूल उद्देश्यका साथ यो क्याम्पसको स्थापना भएको हो |जिल्लामा पहिलो स्थापना भएको शीक्षाशास्त्र संकाय अन्तर्गतको यो क्याम्पसले शहरको महँगो र टाढाको ठाउमा आफ्ना छोरा छोरी लगेर पढाउँ नसक्ने मध्यम बर्गका अभिभाबक हरुलाई राहत पुर्याउने कामगरेको छ |हाल यस क्याम्पसमा शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातक तहमा अंग्रेजी ,नेपाली ,गणित,जनसंख्या र स्वास्थ्य शारीरिक शिक्षा बिषयको अध्ययन अध्यापन हुने गर्दछ |

स्थापनाकाल देखिनै बिभिन्न आरोह अबरोहहरु सग मुकाबिला गर्दै यो क्याम्पस हालको अबस्थामा आइ पुगेको छ |सुरुका दिन देखि नै यो क्याम्पस जिल्लाको प्रमुख शैक्षिक गन्तब्यको रुपमा रही आइ रहेको छ |पहाडी क्षेत्र भए पनि मिलेको भू-भाग ,अनुकुल वाताबरण ,सामाजिक एबम आर्थिक परिवेशको कारणले गर्दा र सहज खालको क्याम्पस सेवा क्षेत्र हुनाले क्याम्पसको भबिष्य उज्वल रहेको कुरा सबैले स्वीकार्न पर्दछ |समयको माग तथा स्थानीय आबस्यकता तथा जनचाहना को उच्च कदर गर्दै आगामी दिनमा क्याम्पसलाई बहुमुखी तथा स्नातकोत्तर बनाउनु पर्ने आबश्यकता टड्कारो रुपमा रहेको देखिन्छ |

स्थापनाकाल देखिनै यस क्याम्पसले गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा दत्त चित्त भएर लागेको छ |नियमित कक्षा संचालन ,अतिरिक्त क्रियाकलाप तथा नियमितरुपमा कक्षाको अनुगमन गर्ने ,अभिभाबक , प्रोफेसर हरुको नियमित भेटघाट एबम अन्तरक्रिया र छलफलले गुणस्तरीयता लाइ बृद्दी गरेको भन्ने हाम्रो बुझाइ छ |कक्षाकोठामा सी.सी.क्यामराको जडान गरि नियमित रुपमा अनुगमन तथा परीक्षा लाइ समेत अनुमगन गरि अनुसाशित तथा मर्यादित बनाउने गरिएको छ |आबस्यकता परेको बेला तत्काल उपलब्ध हुने ब्यबस्थापन समितिको कारण पनि क्याम्पस संचालनमा सहजता महुसस गरिएको छ |यस बाहेक मासिक रुपमा हुने स्टाफ बैठक हरुले आत्मा समिक्षा तथा नया नीति कार्यक्रम तर्जुमा गर्न सहज भएको छ| हरेक बर्ष सरोकारवालाहरुको भेलाको आयोजना बाट समुदाय र क्याम्पस बिचको सम्बन्धलाई सुमधुर राख्न मद्दत गरेको छ

## २.उद्देश्य

शहिद आदर्श क्याम्पस रामपुर बाट मिति २०८१/११/१७ र १८ गते क्याम्पस संचालक समितिका पदाधिकारी तथा सदस्यहरु एबम अध्यापकहरु ,शिक्षक,बिद्यार्थीहरु एबम कर्मचारीहरु सम्मिलित टीमबाट उदयपुर जिल्लाको प्रतिष्ठित ,QAA प्राप्त तथा सामुदायिक रुपमा स्थापित एबम बिभिन्न पुर्बाधार युक्त क्याम्पसको अध्ययन अबलोकन भ्रमण गरियो /उक्त भ्रमण कार्यको उद्देश्यहरु यस प्रकार रहेका छन

- दुइ क्याम्पसहरु बिचको मैत्रीपूर्ण सम्बन्धको बिकाश गर्नु
- सम्बन्धित क्याम्पसहरुले शैक्षिक तथा प्रशासनिक क्षेत्रमा गरेका असल प्रयास र क्रियाकलापहरुको आदान प्रदान गर्नु

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Molung-2, Rampur, Okhaldhunga

Campus Chief

- दुवै क्याम्पसहरुले भोगेका साझा शैक्षिक समस्याहरुको बारेमा छलफल र अन्तरक्रिया गर्नु
- दुवै क्याम्पसहरुले प्रयोग गरेका नविनतम शैक्षिक प्रविधिहरुको बारेमा जानकारी लिने/दिने
- क्याम्पसले गरेको भौतिक बिकाशको जानकारी लिने
- कक्षा कोठा ब्यबस्थापनका बिधि र प्रक्रियाहरुको बारेमा जानकारी साटासाट गर्ने
- क्याम्पसको बार्षिक कार्यक्रम लगायत अन्य क्रियाकलापहरुको प्रगति बारेमा अन्तरक्रिया गर्ने
- शैक्षिक गुणस्तर अभिबृद्दीका नविनतम प्रयासहरुको बारेमा छलफल गर्नु

## ३.सम्बन्धित क्याम्पसको संक्षिप्त परिचय

बि स २०४४ सालमा त्रियुगा मा बि को भवनको ४ कोठा भाडामा लियर संचालन प्रारम्भ गरिएकोक्याम्पस २०५१ सालमा मोतिगढामा जग्गा ब्यबस्थापन गरि १२ वटा ब्लक निर्माण गरि आफ्नै भवनमा कक्षा संचालन को थालनी गरिएको मा हाल ९बिघा क्षेत्रफलको कम्पाउन्ड मा सुविधा सम्पन्न आधुनिक भवनहरुको ब्यबस्था सहित कक्षा संचालन को अबस्थामा आइपुग्न सफल भएको छ साथै २ वटा क्यान्टीन ,स्व बि यु भवन ,सभाहल र बिभिन्न कार्यकक्षहरुको ब्यबस्थापन गर्न सकेको छ भने सुबिधा सम्पन्न बिद्यार्थी आबास निर्माणको कार्यक्रम पनि निकट भविष्यमा संचालान्हुन लागेको कुरा क्याम्पस प्रमुख डा .कैलाश कुमार राइ बाट जानकारी पाउदा सम्पूर्णको साथ र सहयोग भएमा नसकिने कुरा केहि रहेनछ भन्ने महसुस गरियो /

### ३.१ क्याम्पसको भौतिक अबस्था

क भवन :-६ वटा अत्याधुनिक र ४ वटा पुरानो टहरा

ख.फर्निचर:-पर्याप्त

ग.जग्गा /जमिन :-९ बिघा

घ.सौचालय :-पर्याप्त छात्र छात्रा अलग अलग

ङ.क्यान्टीन:-२ वटा

### ३.२ शैक्षिक अबस्था :

-स्नातक र स्नातकोत्तर तह संचालनमा रहेको यस क्याम्पसमा स्नातक तहमा education .arts,र Accounting बिषयहरु संचालन मा रहेका छन् भने स्नातकोत्तर तहमा शिक्षा शास्त्र अन्तर्गत Nepali, English, & Curriculum र MBS अन्तर्गत Accountancy, Statistics, POM, Economics, Finance, Marketing, Company Law संकायहरु संचालनमा रहेका छन

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University

Campus Chie.

## ३.३ बिद्यार्थी विवरण :-

उक्त क्याम्पसको बिद्यार्थी संख्या निम्न अनुसार रहेको छ

| क्र स | छात्र | छात्रा | जम्मा | |
|---|---|---|---|---|
| १. | ६१६ | ९९५ | १६११ | |

यस क्याम्पस अन्तर्गत १०+२ तह पनि संचालन भएको हुनाले कुल बिद्यार्थी २१००हुन् गइ सामुदायिक क्याम्पसको बिद्यार्थी संख्या उल्लेख्य देखिन्छ

## ३.४ कक्षा कोठा ब्यबस्थापन :-

क्याम्पसको कक्षा कोठा अबलोकन गर्दा निम्न पक्षहरु र उत्कृस्ट रहेको पाइयो

- प्रोजेक्टर हरु लाइ कक्षा कोठामा स्थायी रुपमा जडान गर्ने गरिएको साथै स्मार्ट बोर्डको प्रयोग गरि कक्षा संचालन गर्ने गरेको
- आधुनिक एबम सुबिधा सम्पन्न फर्निचरहरु कक्षा कोठामा पर्याप्त रहेको
- सरसफाई युक्त कक्षा कोठा भएको
- उपक्युक्त र पूर्ण ब्यबस्थित कक्षा कोठाहरु भएको

## ३.५ अन्य शैक्षिक गतिविधिहरु :-

परियोजना कार्यहरु मार्फत बिद्यार्थी केन्द्रित बिधि हरुको प्रयोग गरि शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरिएको कारणले परिक्षा मा उल्लेख्य नतिजा प्राप्त गर्न सफल रहेको र क्याम्पस बाट उत्पादित जनशक्ति हरुले स्थानीय र अन्य बजारमा प्रतिस्पर्धामक रुपमा सफलता प्राप्त गर्न सकेको जानकारी क्याम्पस प्रमुख ज्यु बाट जानकारी प्राप्त भयो /

## ३.६ प्रशासनिक अबस्था :-

क्याम्पस संचालक समिति :-२६१ जना बिभिन्न क्षेत्रमा लब्ध प्रतिष्ठित व्यक्तित्व हरुको क्याम्पस सभा बाट ३१ सदस्यीय क्याम्पस संचालक समिति गठन भएको जसमा संचालक समिति अध्यक्ष मिन बहादुर ज्यु ठकुरी र सदस्य सचिब सह प्रा डा. कैलाश कुमार राइ रहनु भएको छ /क्याम्पस प्रमुख को कार्यकाल बि स २०७९/१०/०५ देखि आठौ क्याम्पस प्रमुखको रुपमा हालसम्म कार्यरत रहनु रहनु भएको छ /

क .जम्मा teaching staff ४० जना मध्ये पूर्ण कालिन २५,आम्सिक १५,(सह प्राध्यापक ३,उप प्रा.१५,शिक्षण साहायक २२)

ख.जम्मा १० जना Non- teaching staff हरु सबै पूर्णकालीन रहेको

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University

Campus Chi

## ४ .शैक्षिक अबलोकन भ्रमण कार्यक्रमको बिस्तृत योजना :-

क्याम्पस संचालक समिति ,बिद्यार्थी ,क्याम्पसमा प्राध्यापन गर्ने उप प्राध्यापकहरु ,कर्मचारी तथा अन्य सरोकार वालाहरुको बैठकबाट शैक्षिक अबलोकन भ्रमणको मिति र कार्यक्रम तय गरियो /सोहि बैठकमा भ्रमणका मुख्य उद्देश्यहरु तय भयो र उद्देश्य अनुरुपको क्याम्पसको छनोट गर्ने क्रममा त्रियुगा जनता बहुमुखी क्याम्पस उदय पुर् तय गरियो /उद्देश्य अनुरुप QAA प्राप्त क्याम्पस पनि भएको हुनाले यस क्याम्पस बाट दुरी र अन्य क्याम्पसको तुलनामा नजिक जस्ता कुराहरुलाई आधारमानेर कार्यक्रम को बिस्तृत योजना बनाइयो /

कार्यक्रमको बिस्तृत योजना

| क्र स | कार्यक्रम | मिति | समय | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १. | क्याम्पस बाट प्रस्थान | २०८१/११/१७ | बिहान ८ बजे | क्याम्पस प्रमुख | |
| २ | बेलुकीको बास गाईघाट बजार | २०८१/११/१७ | बेलुकी ६ बजे | सम्बन्धित होटेल | कैफियत |
| ३. | त्रियुगा जनता बहुमुखी क्याम्पसको प्रमुख र अन्य स्टाफ सग बैठक /छलफल र अन्तरक्रिया | २०८१/११/१८ | बिहान ७ बजे | दुवै क्याम्पस का क्याम्पस प्रमुख | |
| ४. | त्रियुगा जनता बहुमुखी क्याम्पसको बिभिन्न भौतिक अबस्था ,शैक्षिक अबस्था पुस्तकालय ICT LAB र अन्य पूर्वाधारको अबलोकन | २०८१/११/१८ | बिहान ९ बजे | भ्रमण टोलि र सम्बन्धित क्याम्पसको सयुक्त टीम | |
| ५. | होटेलमा फिर्ता र खाना | २०८१/११/१८ | बिहान ११.३० बजे | RMC FOCAL PERSON | |
| ६. | छलफल र निचोड | २०८१/११/१८ | दिउसो १२.०० बजे | RMC FOCAL PERSON | |
| ७. | आफ्नो क्याम्पस मा फिर्ताहुन गाडी तर्फ प्रस्थान | २०८१/११/१८ | दिनको २ बजे | RMC FOCAL PERSON | |
| ८. | सम्बन्धित क्याम्पसमा पुग्ने | २०८१/११/१८ | राति १० बजे | RMC FOCAL PERSON | |

## ४.बिधि /प्रक्रिया :-

त्रियुगा जनता बहुमुखी क्याम्पसका प्रमुख उप. प्राध्यापक डा.कैलाश कुमार राइ सग फोन मार्फत सम्पर्क गरि भ्रमणमा आउने कुराको जानकारी गरियो तथा आबश्यक सहयोग र सहजिकरंको लागि अनुरोध गरियो /साथै आफुलाई आबश्यक सूचनाहरुको बारेमा जानकारी गराइयो / यसका साथै निर्धारित समयमा क्याम्पसमा प्रवेश भै चियापान र सामान्य चिना परिचयबाट कार्यक्रमको सुरुवात गरियो /क्याम्पास प्रमुख को मित्रवत व्यवहार र अन्य सहयोगी स्टाफहरु बाट निम्नानुसार जानकारीहरु प्राप्त भयो साथै शहिद आदर्श

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Molung-2, Rampur, Okhaldhunga

Campus Chief

क्याम्पसको तर्फबाट त्रियुगा जनता बहुमुखी क्याम्पसलाई मायाको चिनो तथा त्रियुगा जनता बहुमुखी क्याम्पसको तर्फबाट क्याम्पसले प्रकाशन गरेका महत्वपूर्ण स्मारिका प्रदान गर्ने कार्यक्रम सम्पन्न भयो /यस क्रममा निम्न सुचना र जानकारीहरु प्राप्त गर्ने काम गरियो

- क्याम्पसको शैक्षिक अबस्थाको बारेमा क्याम्पस प्रमुख द्वारा जानकारी प्राप्त भयो
- RMC फोकल पर्सन डा. नबराज खतिवडा बाट NEHEP अन्तर्गत का कार्यक्रम र प्रक्रिया तथा प्रगतिको बारेमा जानकारी भयो
- डीजिटाईजेसनकार्यक्रमको बारे सम्बन्धित फोकल व्यक्तिले जानकारी गराउनु भ्स्यो
- पुस्तकालयको अबस्था जानकारी प्राप्त भयो
- शहिद आदर्श क्याम्पसका क्याम्पस प्रमख ज्यु ले बाट आफ्नो क्याम्पसको अबस्थाको बारेमा जानकारी गराउनु भयो
- क्याम्पसका सम्पूर्ण क्षेत्र र अबस्थाको बारेमा त्रियुगा जनता बहुमुखी क्याम्पसका प्रमुख उप. प्राध्यापक डा.कैलाश कुमार राइ ज्यु बाट जानकारी पश्चात सामुहिक फोटो सेसनको कार्यक्रम गरि आबश्यक सुचना हरु लेन देन गरि निकट भविष्यमा यस तरहको भ्रमणमा त्रियुगा जनता बहुमुखी क्याम्पस लाइ औपचारिक निमन्त्रणा गरि भ्रमण कार्यक्रम लाइ समापन गरि आफ्नो गन्तब्य तर्फ लागियो /

## ५.निस्कर्ष :-

छोटो समयको भ्रमण भए पनि सम्बन्धित क्याम्पसका क्याम्पस प्रमुख लगायत सम्पूर्ण स्टाफ तथा बिध्यार्थिहरु को आपसी सम्बन्ध र मित्रवत ब्यबहारको कारणले गर्दा भ्रमण ऊपलाब्धि पूर्ण रह्यो /समग्रमा भ्रमणमा भएका उपलब्धिहरु यसप्रकार रहेका छन् /

- दुवै क्याम्पसहरुले भोगेका साझा शैक्षिक समस्याहरुको बारेमा भरपुर जानकारी र सम्भावित समाधानका उपायहरुको बारेमा बिस्तृत रुपमा छलफल गरियो
- शिक्षण सिकाइ प्रक्रियामा नविनतम प्रविधिहरुको बारेमा छलफल र अन्तरक्रिया गर्ने अवसर प्राप्त भयो /
- क्याम्पसमा संचालनमा रहेका बिबिध कार्यक्रमहरुको बारेमा छलफल गरि आगामी दिनमा सोहि अनुरुपका कार्यक्रम क्याम्पसमा अगाडी बढाउने सिपको बिकाश भयो
- क्याम्पसले संचालन गरेका शिक्षक ,कर्मचारीको लागि क्षमता बिकाश वृती बिकाश अन्तर्गतका कार्यक्रम हरुको बारेमा बिचार र अबसरको आदान प्रादान गर्ने अवसर प्राप्त भयो
- क्याम्पसको थप स्तरोन्नति को लागि गर्नु पर्ने र गरिएका क्रियाकलापहरुको जानकारी लिने दिने काम गरियो
- दुइ क्याम्पसहरुको टीम बिचको आपसी सम्बन्ध सुमधुर र प्रगाढ बनाउने अवसर प्राप्त भयो
- त्रियुगा जनता बहुमुखी क्याम्पसले गरेका असल अभ्याशहरुको जानकारी लिने र सो अभ्याश आफ्नो क्याम्पसमा अबलम्बन गर्नको लागि अवसर प्राप्त भयो

## ६.सबल पक्षहरु

- पूर्ण ब्यबस्थित पुस्तकालय भएको
- पूर्ण कालिन प्राध्यापकहरुको संख्या उल्लेख्य भएको
- क्याम्पस संचालन टीम बीच पूर्ण रुपमा समन्वय भएको
- सुन्दर ,शान्त एबम मनोरम बातावारणमा क्याम्पस भवन रहेको
- शिक्षक कर्मचारीको लागि वृती बिकाश र तालिम तथा योग्यता वृतीको अवसर प्रदान गर्ने गरेको
- Non= teaching staff को संख्या पर्याप्त रहेको

## सुधार गर्नु पर्ने पक्षहरु

यस्तो प्रकारको अबलोकन भ्रमण लाइ आगामी दिनहरुमा निम्न अनुसार सुधार गर्न सके अझ फलदायी हुने थियो

१.समय कम्तिमा ३,४ दिनको हुनु उपयुक्त हुने
२.क्याम्पसको सम्पूर्ण teaching &non- teaching staff एबम बिद्यार्थी र संचालक समितिका पधाधिकारी हरुलाई समेट्न सके अझ फलदायी हुने थियो

७ .सुझाब :-

भ्रमण आफैमा महत्वपूर्ण उपलब्धि पूर्ण थियो सम्बन्धित क्याम्पसको सम्पूर्ण टीमको मित्रवत व्यवहार को कारणले यसको महत्व अझै महत्वपुर्ण रहेको थियो/NEHEP अन्तर्गत यो कार्यक्रमको अवसर प्रदान गर्ने विश्व बिद्यालय अनुदान आयोग लाइ बिशेस धन्यबाद प्रदान गरिन्छ /साथै भ्रमण लाइ फलदायी बनाउन सहयोग पुर्याउने त्रियुगा जनता बहुनुखी क्याम्पस टीम लाई बिशेस धन्यबाद प्रदान गर्न चाहन्छौ / त्रियुगा जनता बहुमूखी क्याम्पसआफैमा उत्कृस्ट,सबल एबम सक्षम छ तथापि आगामी दिनमा थप प्रगतिको लागि निम्न गतिबिधीहरु संचालन गर्दा सुनमा सुगन्ध हुने बिश्वाश शहिद आदर्श क्याम्पस परिवारले लिएको छ

- ➢ क्याम्पसमाउप प्राध्यापकतथा कर्मचारीको लागि आबस को ब्यन्बस्था हुनु आबश्यक देखिन्छ
- ➢ क्याम्पसमा छात्र को संख्या उल्लेख्य देखिएकोले छात्राबास को ब्यबस्था गर्नु पर्ने देखिन्छ
- ➢ क्याम्पस सग भएको जग्गा जमिनलाइ आय आर्जन र रोजगारी को क्षेत्रमा प्रयोग गर्ने सके राम्रो हुने देखिन्छ
- ➢ सिप सगै बिध्यार्थिलाई रोजगारीको लागि समेत सहजीकरण गर्दा अझ राम्रो हुने छ

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University
Molung-2, Rampur, Okhaldhunga

Campus Chi

## कार्यक्रमको बिस्तृत योजना

| क्र स | कार्यक्रम | मिति | समय | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १. | क्याम्पस बाट प्रस्थान | २०८१/११/१७ | बिहान ८ बजे | क्याम्पस प्रमुख | |
| २ | बेलुकीको बास गाईघाट बजार | २०८१/११/१७ | बेलुकी ६ बजे | सम्बन्धित होटेल | कैफियत |
| ३. | त्रियुगा जनता बहुमुखी क्याम्पसको प्रमुख र अन्य स्टाफ सग बैठक /छलफल र अन्तरक्रिया | २०८१/११/१८ | बिहान ७ बजे | दुवै क्याम्पस का क्याम्पस प्रमुख | |
| ४. | त्रियुगा जनता बहुमुखी क्याम्पसको बिभिन्न भौतिक अबस्था ,शैक्षिक अबस्था पुस्तकालय ICT LAB र अन्य पूर्वाधारको अबलोकन | २०८१/११/१८ | बिहान ९ बजे | भ्रमण टोलि र सम्बन्धित क्याम्पसको सयुक्त टीम | |
| ५. | होटेलमा फिर्ता र खाना | २०८१/११/१८ | बिहान ११.३० बजे | RMC FOCAL PERSON | |
| ६. | छलफल र निचोड | २०८१/११/१८ | दिउसो १२.०० बजे | RMC FOCAL PERSON | |
| ७. | आफ्नो क्याम्पस मा फिर्ताहुन गाडी तर्फ प्रस्थान | २०८१/११/१८ | दिनको २ बजे | RMC FOCAL PERSON | |
| ८. | सम्बन्धित क्याम्पसमा पुग्ने | २०८१/११/१८ | राति १० बजे | RMC FOCAL PERSON | |

Shahid Adarsh Campus
Affiliated to Tribhuvan University

Campus Chief

शहिद आदर्श क्याम्पस ,रामपुर ओखलढुंगा

शैक्षिक अध्ययन ,अबलोकन भ्रमण

२०८१/११/१७,१८

## त्रियुगा जनता बहुमुखी क्याम्पस गाइघाट


सहभागी विवरण

| क्र स | नामथर | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|
| १. | नन्द लाल गिरि | क्याम्पस संचालक समिति अध्यक्ष | ९८५२८४०१२९ |
| २. | घनश्याम दाहाल | क्याम्पस संचालक समिति सदस्य | ९८४३७२२१२९ |
| ३. | नरेन्द्र खतिवडा | क्याम्पस संचालक समिति सदस्य | ९८४२८६५१०१ |
| ४. | मान बहादुर तामाङ | क्याम्पस संचालक समिति सदस्य | ९८६९३३२५८१ |
| ५. | ठगेंद्र दाहाल | क्याम्पस संचालक समिति सदस्य | ९८५१०८३६९१ |
| ६. | लेख नाथ फुयाल | क्याम्पस संचालक समिति सदस्य | ९८४२९७२७८४ |
| ७. | दिप प्रसाद ढकाल | क्याम्पस संचालक समिति सदस्य | ९८४२९७०२५५ |
| ८. | राजन प्रसाद दाहाल | क्याम्पस प्रमुख | ९८४२८५८२५५ |
| ९. | डुल हरि दाहाल | अध्यापक | ९८६११८९७३६ |
| १०. | शिब प्रसाद नेपाल | अध्यापक | ९८४२९३१३२० |
| ११. | पेशल कुमार खतिवडा | अध्यापक | ९८४२९२९०५१ |
| १२. | नारायण प्रसाद दाहाल | अध्यापक | ९८५२८४००१२ |
| १३. | ध्रुबराज खत्री | अध्यापक | ९८४३४२३१९९ |
| १४. | पोस्ट राज पहाडी | अध्यापक | ९८६२६२९९६४ |
| १५. | विजय कुमार उपाध्याय | अध्यापक | ९८४११९५७१२ |
| १६. | सुरेन्द्र खड्का | अध्यापक | ९८४९२१०५५१ |
| १७. | सुबाश श्रेष्ठ | क्याम्पस कर्मचारी | ९८४००१७१७५ |

Campus Chief









Shahid Adarsh Campus
Affiliated to Tribhuvan University

Campus Chief











Shahid Adarsh Campus
Affiliated to Tribhuvan University

Camp











Campus Chief